लोक सेवा आयोग

# दिपायल कार्यालय

राजपुर, डोटी

## लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सुचना

**सूचना नं. १८/०७७-७८, मिति : २०७७।०९।१५**

लोक सेवा आयोग, दिपायल कार्यालय, दिपायल, डोटीको वि.नं. १५७०२-१५७०८/०७६-७७ (खुला तथा समावेशी), एकिकृत परीक्षा प्रणाली अन्तर्गत राजपत्र अनंकित प्रथम श्रेणी (अप्राविधिक), नायब सुब्बा वा सो सरह पदको परीक्षा केन्द्र **दिपायल** राखी प्रथम चरणको प्रतियोगितात्मक लिखित परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरुको दोस्रो चरणको प्रतियोगितात्मक लिखित परीक्षा पूर्व प्रकाशित मिति र समयमा देहाय बमोजिमको परीक्षा केन्द्रमा सञ्चालन हुने गरी परीक्षा केन्द्र कायम गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**परीक्षा सञ्चालन सम्बन्धी कार्यक्रम**

<table>
<tr><th>क्र.सं.</th><th>सेवा/समूह</th><th>पत्र/विषय</th><th>परीक्षा मिति र समय (दिनको १:०० बजे)</th><th>रोल नं.</th><th>उम्मेदवार संख्या</th><th>परीक्षा केन्द्र</th></tr>
<tr><td rowspan="2">१.</td><td rowspan="2">संयुक्त र एकीकृत (खुला तथा समावेशी)</td><td rowspan="2">द्वितीय पत्र: (समसामयिक अध्ययन र सार्वजनिक सेवा व्यवस्थापन)</td><td rowspan="2">२०७७/०९/२६</td><td>७७०००१ देखी ७७०७६३ सम्म</td><td>१०० जना</td><td>श्री शहीद स्मृती आ.मा.वि., राजपुर, डोटी ।</td></tr>
<tr><td>७७०७७७ देखी बाँकी सबै</td><td>६२ जना</td><td>श्री लोक सेवा आयोग, दिपायल कार्यालय, राजपुर डोटी ।</td></tr>
<tr><td>२.</td><td>न्याय, कानुन र सरकारी वकिल</td><td rowspan="5">तृतीय पत्र: (सेवा समुह सम्बन्धी)</td><td>२०७७/०९/२७</td><td>दिपायल परीक्षा केन्द्र राखी प्रथम चरणको परीक्षामा उत्तीर्ण सबै परीक्षार्थीहरु</td><td>७१ जना</td><td>श्री लोक सेवा आयोग, दिपायल कार्यालय, राजपुर डोटी ।</td></tr>
<tr><td rowspan="2">३.</td><td rowspan="2">प्रशासन, साप्र.</td><td rowspan="2">२०७७/०९/२८</td><td>७७०००१-७७०६५७ सम्म</td><td>७५ जना</td><td>श्री शहीद स्मृती आ.मा.वि., राजपुर, डोटी ।</td></tr>
<tr><td>७७०६६५ देखी बाँकी सबै</td><td>६० जना</td><td>श्री लोक सेवा आयोग, दिपायल कार्यालय, राजपुर डोटी ।</td></tr>
<tr><td>४.</td><td>प्रशासन, लेखा र लेखापरीक्षण</td><td>२०७७/०९/२९</td><td rowspan="2">दिपायल परीक्षा केन्द्र राखी प्रथम चरणको परीक्षामा उत्तीर्ण सबै परीक्षार्थीहरु</td><td>८७ जना</td><td>श्री लोक सेवा आयोग, दिपायल कार्यालय, राजपुर डोटी ।</td></tr>
<tr><td>५.</td><td>प्रशासन, राजस्व</td><td>२०७७/१०/०२</td><td>९२ जना</td><td>श्री लोक सेवा आयोग, दिपायल कार्यालय, राजपुर डोटी ।</td></tr>
</table>

फोनः ०९४-४४०१४७, फ्याक्सः ०९४-४४०१७८, Website: www.psc.gov.np, Email: dipayal@psc.gov.np

# लोक सेवा आयोग
# दिपायल कार्यालय

राजपुर, डोटी

**द्रष्टव्य**

क) परीक्षा सञ्चालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुने छैन ।

ख) प्रवेशपत्र विना परीक्षामा सम्मिलित नगराईने हुँदा अनिवार्यरुपमा प्रवेशपत्र साथमा लिई परीक्षा संचालन हुनु भन्दा १ घण्टा ३० मिनेट अगावै परीक्षा भवनमा आइपुग्नु पर्नेछ । परीक्षा भवनबाट प्रवेशपत्र वितरण गरिने छैन ।

ग) परीक्षा भवनमा झोला, मोवाइल, क्याल्कुलेटर तथा अन्य ईलेक्ट्रोनिक्स सामाग्रीहरु लैजान निषेध गरिएको छ ।

घ) परीक्षामा कालो मसी मात्र प्रयोग गर्नु पर्नेछ ।

**ङ) परीक्षार्थीले परीक्षा दिन आउँदा नेपाली नागरिकताको प्रमाणपत्र वा सरकारी कार्यालयबाट जारी भएको फोटो सहितको कुनै एक सक्कलै प्रमाणपत्र अनिवार्य रुपमा लिई उपस्थित हुनु पर्नेछ ।**

च) संक्रमणको विशेष अवस्थामा परीक्षा (संचालन तथा व्यवस्थापन) सम्बन्धि मापदण्ड, २०७७ अनुसार परीक्षार्थीले तपसिलमा उल्लेखित विषयहरुको पूर्ण रुपमा पालन गर्नु पर्नेछ.

- परीक्षा केन्द्रमा प्रवेश गर्नुअघि उम्मेदवार स्वयंले कम्तिमा माक्स, स्यानिटाइजर तथा आफ्नो लागि खानेपानीको अनिवार्य व्यवस्था गर्नु पर्नेछ ।
- परीक्षार्थीले परीक्षा केन्द्रमा प्रवेश गर्दा, निस्कदा र शौचालय प्रयोग गर्दा भिडभाड नगरीकन एकआपसमा २ (दुई) मिटरको दूरी कायम गर्नुपर्नेछ ।
- परीक्षार्थीहरुले समूहमा भेला हुने, कुराकानी गर्ने गर्नु हुँदैन । परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालन गर्नुपर्नेछ ।
- परीक्षार्थीले लेख्न बाँकी रहेको उत्तरपुस्तिकाको खाली ठाउँ स्वयंले काटी, दस्तखत गरी, उत्तरपुस्तिका गन्ती गरी उत्तरपुस्तिका बुझाएको हस्ताक्षर गरेर मात्र परिक्षा हलबाट बाहिर जानु पर्नेछ ।
- कोभिड-१९ (COVID-19) संक्रमित उम्मेदवार परीक्षामा सम्मिलित हुने भएमा सम्बन्धित उम्मेदवारले यस कार्यालयको फोन नं. ०९४-४४०१४७ वा ०९४-४४०१७८ मा सम्पर्क गरी वा इमेल तथा निवेदनको माध्यमबाट सो को जानकारी यस कार्यालयलाई दिनु हुन सुचित गरिन्छ ।

.....................................
गणेशमान सिं राई
शाखा अधिकृत

.....................................
बिष्णु पौडेल
नि. कार्यालय प्रमुख